गोरखा नगरपालिका

गोरखा

# बोलपत्र आह्वान सम्बन्धि सूचना

(सूचना प्रकाशित मिति : २०७४/११/१७)

यस गोरखा नगरपालिका, गोरखा अर्न्तगत निम्नानुसारका निर्माण कार्यहरु बोलपत्रवाट गराउनु पर्ने भएकोले नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुका लागि निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र आह्वान गरिन्छ ।

१. बोलपत्र फाराम यस कार्यालयबाट सूचना प्रकाशन भएको मितिले ३० औ दिन (२०७४/१२/१६ शुक्रवार ) सम्म कार्यालय समय भित्र प्रोप्राइटर वा निजको अधिकृत प्रतिनिधिबाट रु. ३०००।- (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ ।

२. बोलपत्र खरिदका लागि निवेदन पेश गर्दा निवेदन साथ उद्योग दर्ता प्रमाणपत्र, ठेक्का (इजाजत) प्रमाणपत्र नविकरण भएको, आयकरको स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र र गत आ.व.को कर चुक्ताको प्रमाणपत्रको नोटरी पब्लिकबाट प्रमाणित गरेको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. खरिद भएको बोलपत्र फाराममा उल्लेख भएका सबै विवरणहरु प्रष्टसँग भरी निर्माण व्यवसायीले प्रत्येक पानामा सहीछाप गरी सूचना प्रकाशन भएको मितिले ३१ औ दिन

दिनको १२:०० बजे भित्र यस गोरखा नगरपालिका कार्यालयमा दाखिला गर्न सकिने छ । दाखिला हुन आएका बोलपत्र सोही दिन दिनको २:०० वजे यस गोरखा नगरपालिका कार्यालयमा उपस्थित बोलपत्रपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. बोलपत्र खरिद गरिने अन्तिम दिन विदा पर्न गएमा सो को लगत्तै कार्यालय खुलेको दिन कार्यालय समयभित्र बोलपत्र खरिद गर्न वा बुझाउन सकिने छ ।

५. बोलपत्र फाराम गोरखा नगरपालिका कार्यालयबाट खरिद गर्न सकिनेछ र बोलपत्र दाखिला गोरखा नगरपालिका कार्यालयमा मात्र गर्न सकिने छ ।

६. बोलपत्रको खाम वाहिर ठेक्का नम्बर, कामको विवरण र बोलपत्रदाताको नाम, ठेगाना र फोन नं. (घरको, मोवाईलको) स्पष्ट खोली यस कार्यालयलाई सम्बोधन गरी सो खामलाई शिलबन्दी गरी पेश गर्नु पर्नेछ । शिलबन्दी बोलपत्र, बोलपत्र खोलिएको मितिबाट ९० दिन अवधिका लागि मान्य हुनेछ ।

७. बोलपत्र साथ धरौटी वापत तपशिल बमोजिमको रकम (मुल्य अभिवृद्धि कर समेत) रा.वा.बैंक शाखा कार्यालय गोरखा स्थित यस कार्यालयको धरौटी खाता नं. **३०६०३०३००७१०३ ग–३** मा बोलपत्रदाताको नामवाट जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य बैंकहरुवाट बोलपत्र पेश गर्ने अन्तिम मितिदेखि १२० (एक सय बीस) दिन म्याद भएको जमानी पत्र (विडबण्ड) पेश गर्नु पर्ने छ । जमानी पत्र (विडबण्ड) बोलपत्र फाराममा तोकिएको ढाँचामा नै पेश हुनु पर्नेछ । सम्झौता सम्पन्न भएपछि मात्र जमानत वापतको रकम फिर्ता गरिनेछ ।

८. बोलपत्रदाताले दररेट उल्लेख गर्दा मुल्य अभिवृद्धि कर वाहेकको दररेट अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईनेछ ।

९. बोलपत्रदाताले पेश गरेको बोलपत्र निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझि बोलपत्र भरी पेश गरेको मानिने छ ।

१०. एउटा फर्मका नामवाट खरिद गरिएको बोलपत्र फाराम अर्को फर्मका नाममा दाखिला गर्न पाईने छैन ।

११. संयुक्त उपक्रम (जे.भी.) मा काम गर्ने निर्माण व्यवसायीले संयुक्त लगानी सम्बन्धि सम्झौता सक्कल प्रति पेश गर्नुपर्नेछ । संयुक्त उपक्रममा साझेदारको संख्या ३ भन्दा बढी भएमा स्वीकार गरिने छैन ।

१२. कुनै शर्त राखी पेश गरेको, सूचनाको शर्त विपरित भएको, कार्यालयवाट उपलब्ध गराईएको बोलपत्र फाराममा कुनै थपघट गरिएको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन तथा बोलपत्र आंशिकरुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१३. यस सुचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजानिक खरिद नियमावली, २०६४ एवं प्रचलित ऐन नियम अनुसार हुनेछ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम (कन्टिन्जेन्सी र भ्याट वाहेक) रु. | धरौटी रकम रु. | बोलपत्र फारमको मुल्य रु. |
|---|---|---|---|---|---|
| १ | GM/Gorkha/Works/NCB/074/75-14 | १५ कि. मी. भुराजवृक्ष सुकुम्वासी टोल हुदै १२ कि. मी. चौकी सडक स्तरवृद्धि कार्य, गो.न.पा.- ११ | २५,९६,४६६।९२ | ७३,५००।- | ३,०००।- |

**प्रमुख प्रशासकीय अधिकृत**